# चुनावमा अब यस्तो नहोस् !

२०४६ सालमा बहुदलीय व्यवस्थाको पुर्नस्थापना भएपछिका सबै निर्वाचनहरूको इन्सेकले अनुगमन तथा पर्यवेक्षण गर्दै आएको छ। स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन मानव अधिकार र सामाजिक न्यायको आधार हो भन्ने मानव अधिकारको विश्वव्यापी मान्यता र नेपालको संविधानको मर्मलाई नेपालका अधिकारकर्मी र नागरिक समाजले आत्मसात गर्दै आएका छन्। नागरिक तहबाट जनसचेतना, सार्वजनिक संपरीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभियप्रायले राजनीतिक दल र उम्मेदवारहरूलाई जवाफदेही बनाउन र आम मतदाताहरूलाई जागरुक बनाउन नागरिक अभियानहरू सञ्चालन गरिएका थिए। निर्वाचनमा इन्सेकले गरेको मानव अधिकार अनुगमन तथा निर्वाचन पर्यवेक्षणका प्रतिवेदनले नेपालमा निर्वाचन कानुन तथा आचारसंहिता उल्लङ्घनका घटनाहरू अभिलिखित गरेको छ। प्राप्त तथ्याङ्क तथा घटना विवरणहरूले मुलुकमा राजनीतिक दलको लोकतान्त्रिक प्रणालीप्रतिको प्रतिबद्धताको कमी र राज्यको संयन्त्रको लापरबाहीका कारण निर्वाचन लक्षित मानव अधिकार उल्लङ्घनका घटनाहरू भएको देखाउँछ।

इन्सेकले सन् १९९२ देखि प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले निर्वाचनको प्रक्रिया र प्राप्त परिणामको विश्लेषणमात्रै गरेको छैन हरेक निर्वाचनको समीक्षा तथा भविष्यका लागि दिशानिर्देश गर्ने गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले निर्वाचनलाई नीति निर्माण तथा कार्यान्वयनमा सहभागिता, समावेशीकरण, प्रतिनिधित्व र उत्तरदायित्व सुनिश्चित गराउने आधारभूत मानव अधिकारका रूपमा स्वीकार गरेको छ।

स्रोत साधन र शक्तिको दुरुपयोग गर्दै मतदाताको मताधिकार नियन्त्रण गर्नु मानव अधिकार विरुद्धको जघन्य अभ्यास हो। स्वच्छ तथा भयरहित निर्वाचनले मात्र मानव अधिकारका प्रचलित मूल्यको अभ्यासमार्फत शासकीय शक्ति सृजना गर्ने वैधता प्राप्त गर्छ। सन् २०२२ मा आर्थिक अपारदर्शिता, अपराधको राजनीतिकरण र मतदाता नियन्त्रण गरी सम्पन्न भएका केही स्थानका निर्वाचन विगतमा गरिएका दुष्प्रयासका प्रतिनिधिमूलक घटनाहरू जागरण र जवाफदेहिताका लागि यस वर्ष पुस्तकमा प्रकाशन गरिएको छ। लोकतन्त्रको एउटा प्रमुख मानक निर्वाचनका सन्दर्भमा नेपाल खरो उत्रिन सकोस् भन्ने ध्येयका साथ इन्सेकले खबरदारी गर्दै आएको छ। वर्ष २०२२ का निर्वाचनहरूमा भएका हिंसाको विस्तृत विवरणसँगसँगै यहाँ विगतको अभिलेखका आधारमा यस्तै प्रकृतिका हिंसात्मक घटनाहरूको स्मरण गरिएको छ। निरन्तरको त्यही निगरानीका आधारमा नेपालका निर्वाचनमा हुने हिंसाको समग्र तस्वीर प्रस्तुत गर्दै सम्बन्धित सबैबाट प्रतिवद्धताको अपेक्षा गरिन्छ, चुनावमा अब यस्तो नहोस्।

**राजाको प्रत्यक्ष शासनमा गरिएको नगर निर्वाचन**

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा २०६२ सालमा भएको नगर निर्वाचनले निरङ्कुसतालाई संस्थागत गर्ने दुष्प्रयत्न थियो। एमाले, कांग्रेसलगायत मुलुकका प्रमुख राजनीतिक दलसहितका सात दलले चुनावको सक्रिय बहिष्कार गर्न आह्वान गरेका थिए। मानव अधिकार संस्थाहरू र नागरिक समाजले उक्त चुनावको पर्यवेक्षण गर्नु अर्थहीन ठहर गरेका थिए। कूल ५८ नगरपालिकामा भएको त्यस निर्वाचनमा २२ वटा नगरपालिकामा शून्य मतदान भएको थियो। २४ ओटा नगरपालिकामा मेयरको निर्विरोध निर्वाचन भएको घोषणा गरिएको थियो। ५८ नगरपालिकाका कूल १९ लाख ६ हजार ६ सय ७८ मतदातामध्ये ३ लाख १० हजार ८ सय ७६ ले मतदान गरेका थिए। प्रतिशतमा भन्नुपर्दा राजाको महत्वाकाङ्क्षाका निम्ति प्रायोजित उक्त निर्वाचनमा १६ प्रतिशत मात्र मतदान भएको देखियो। चुनावको नाममा गरिएको असफल प्रयास यति भद्दा थियो कि दुईजना मात्र वा सो भन्दा बढी मेयर उम्मेद्वार भएका नगरपालिकाको सङ्ख्या मात्र ३४ पुग्यो। चुनावमा भाग लिने दलहरूको सङ्ख्या २२ देखाइएको थियो। तर वडाध्यक्ष पदमा एउटा पनि उम्मेदवार नभएको वा शून्य उम्मेदवार भएको नगरपालिकाको सङ्ख्या तीन थियो। वडा सदस्यको उम्मेदवार एउटा पनि नभएको वा शून्य भएको नगरपालिकाको सङ्ख्या आठ थियो। इलाम, दमक, तानसेनमा एक-एक जना उम्मेदवार थिए। नवलपरासी,

दशरथचन्द, अमरगढी, बुटवल, कपिलवस्तु, बाग्लुङ, वीरेन्द्रनगर, गुलरिया, नेपालगञ्ज, दिपायल लगायत २२ ओटा नगरपालिकामा शून्य मतदान भएको थियो। इलाम नगरपालिकामा एकजनाबाहेक सबै पदमा कमल थापाको राप्रपाका उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो।

**रौतहट**

सरुअठा गाविस-२ का पिन्टु सिंह भनिने २२ वर्षीय त्रिलोकप्रताप सिंह र सोही गाविस-९ का २३ वर्षीय ओसी अख्तर मिया कवारी र नाम ठेगाना खुल्न नसकेका एक जना भारतीय नागरिकसहित तीन जनाको ०६४ चैत २७ गते राती बम बनाउने क्रममा विस्फोटन भई मृत्यु भयो। नेपाली कांग्रेसका रौतहट जिल्ला सभापति तथा सोही पार्टीका क्षेत्र नं. २ का संविधानसभा सदस्य उम्मेदवार मोहम्मद अफताव आलमले निर्वाचनको दिन बुथ क्याप्चर गर्न आफ्नै राजपुर फरहदवा गाविस-४ स्थित घरमा बम बनाउन लगाउँदा सो घटना भएको पीडितले पक्षले बतायो। सो घटनामा धेरै व्यक्ति मारिएको र घाइते भएकाले नजिकै रहेको इटाभट्टामा जलाइएको स्थानीय प्रत्यक्षदर्शी तथा विभिन्न राजनीतिक दलका उम्मेदवारले जानकारी गराए पनि प्रहरीले त्यहाँ घटना नै नभएको भनी अनुसन्धान गरेन। पीडित परिवारका तर्फबाट त्रिलोकप्रताप सिंहका बाबु श्रीनारायण सिंह र ओसी अख्तरकी आमा रुखसाना खातुनले महमद अफताव आलमसहित चार जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दिए पनि दर्ता गरिएन। घटनाको इन्सेकलगायत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय तथा राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेका थिए। पीडित परिवारका तर्फबाट दिइएको जाहेरी प्रहरीले दर्ता नगरेकामा इन्सेकलगायतका मानवअधिकार संस्थाको पहलमा ०६५ वैशाख १८ गते जाहेरी दर्ता गरे पनि घटनामा प्रमाण नपुगेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय, रौतहटले मुद्दा चलाउन नमिल्ने निर्णय गरेको थियो।

रौतहटस्थित इँटाभट्टामा २०६४ चैत २७ गते जिउँदै मान्छे जलाएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले राजपुर नगरपालिका-६ का ३४ वर्षीय शेष सरोजलाई बाराको सिम्रौनगढ नगरपालिकाको नेपाल भारत सीमा क्षेत्रबाट ०७७ असार १८ गते गिरफ्तार गर्‍यो। उनलाई आवश्यक कारबाहीको लागि प्रहरीले जिल्ला अदालत रौतहटमा असार १९ गते पेश गर्‍यो। उक्त घटनाको मुख्य योजनाकार मानिएका कांग्रेस नेता मोहम्मद आफताव आलम अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। शेष ०७७ असार २८ गते जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान भए। उक्त इटा भट्टाका हेडमिस्त्री बाराको सिम्रौनगढ नगरपालिका-४ का ५५ वर्षीय बद्रि सहनीलाई बौधिमाइ नगरपालिका-७ स्थित बङ्कुल बजारबाट



घटनास्थल राजपुर फरहदवा गाविस वडा नं. ४ स्थित स्व. शेख ईद्रीसीको खल्यानको घर

प्रहरीले २०७७ असोज १६ गते गिरफ्तार गऱ्यो। अदालतमा ०७७ असोज १७ गते मुद्दा पेश भएकोमा जिल्ला अदालतको असोज २३ गतेको आदेशले २ लाख रुपियाँ धरौटीमा तारेखमा रिहा भए। त्यसैगरी ४६ वर्षीय महताव आलमलाई प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालय रौतहटले बौधिमाइ नगरपालिका-७ स्थित बङ्कुल बजारबाट २०७७ मङ्सिर २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतमा ०७६ मङ्सिर २३ गते मुद्दा पेश भएको मा ०७७ कात्तिक २८ गते जिल्ला अदालतको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन्। तर वर्ष २०२२ को अन्त्यसम्मै मुद्दाको फैसला भएन।

**रामेछाप**

एमालेका तर्फबाट संविधानसभा सदस्यको प्रत्यक्ष निर्वाचनका उम्मेदवार देवशङ्कर पौडेल, जिल्ला कमिटी सदस्य चित्र कार्की, शान्तिप्रसाद पौडेल, कुलबहादुर दर्जी, अनेरास्ववियुका जिल्ला अध्यक्ष दीपक कार्की, उपाध्यक्ष मनोज कार्की, एमाले कार्यकर्ताहरू राजु कार्की, सहदेव बस्नेत, उज्ज्वल कडरिया, राजकुमार बस्नेत, राजेन्द्र कार्की, विक्रम सुनुवार, उमेश पौडेल र पदम खत्रीलाई ०६४ फागुन २९ गते प्रीति गाविस-२ मा माओवादी कार्यकर्ताले गरे आक्रमणमा गरे। घटनामा घाइतेमध्ये आठ जनालाई ३० गते थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल, काठमाडौँ ल्याइयो। माओवादी कार्यकर्ताको समूहले सांसद कमलप्रकाश सुनुवार तथा बागमती अञ्चल सदस्य आङबाबु लामालगायत १९ जनाको एमाले चुनाव प्रचार टोलीमाथि आक्रमण गरी नगद र प्रचार सामग्री समेत लुटेको थियो। घटनाको नेतृत्व सैपु गाविसका माओवादी कार्यकर्ता निकासले गरेको एमालेले जनायो। आरोपित उपर कुनै कारबाही भएन।

**सर्लाही**

बलरा गाविस-८ का संविधानसभा सदस्यका स्वतन्त्र उम्मेदवार ४८ वर्षीय शम्भुप्रसाद सिंहको ०६४ चैत २८ गते दिउँसो गडैया गाविस मावि मतदान केन्द्रनजिकै एक समूहले गोली प्रहार गरी हत्या गऱ्यो। पीडित पक्षले मधेसी जनअधिकार फोरमका उम्मेदवार शिवपूजन रायलगायत पाँच जनाका नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिई पीडकलाई कारबाही गर्नुपर्ने माग गरेको भए पनि कुनै कारबाही भएन। आरोपित संविधानसभामा निर्वाचित भए। मधेसी जनअधिकार फोरमले घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको जनायो।

**सोलुखुम्बु**

चौलाखर्क गाविस-७ निवासी वाईसीएलका जिल्ला सदस्य २८ वर्षीय गजेन्द्र भनिने गङ्गाबहादुर भुजेलको ०६४ चैत १३ गते बिहान प्रहरीको गोलीबाट मृत्यु भयो। माओवादी र नेपाली काङ्ग्रेसका कार्यकर्ताबीच गोराखानी गाविस, टाप्टिङ गाविस र केरुङ गाविसको सिमानामा पर्ने टाप्टिङ गाविस-१ सिसाखोलामा चैत १३ गते बिहान करिब ११ बजे झडप हुँदा नेपाली काङ्ग्रेसतर्फका संविधानसभा सदस्य उम्मेदवार बलबहादुर केसीको सुरक्षार्थ खटिएका प्रहरीको गोली प्रहारबाट पीडितको घटनास्थलमा नै मृत्यु भएको थियो। उक्त घटनामा गोली प्रहार गर्ने प्रहरी र आदेश दिने दुवैलाई कारबाही गरिपाउँ भनी माओवादीले ०६४ चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए तापनि राजनीतिक मुद्दा भनी दर्ता गरिएन।



*प्रहरीद्वारा गोली हानी हत्या गरिएका वाईसीएलका गङ्गाबहादुर भुजेल*

**सुर्खेत**

घोरेटा गाविस-२ निवासी एमालेबाट संविधानसभा निर्वाचनमा सुर्खेत क्षत्रे नं. १ उम्मदेवार ४७ वर्षीय ऋषिप्रसाद शर्माको ०६४ चैत २६ गते मैनतडा गाविस-८ लोदेमा गोली प्रहार गरी हत्या भयो।



*चुनाव प्रचार प्रसारको क्रममा गोली हानी हत्या गरिएका एमालेका संविधानसभा सदस्य उम्मेदवार ऋषिप्रसाद शर्मा*

एमालेले मैनतडा निवासी काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बीसी, लालबहादुर गुरुङ र शर्माकै सुरक्षागार्ड मोतीलाल विकले शर्माको हत्या गरेको आरोप लगायो। शर्माको हत्या आरोपित विक केही समय पुर्पक्षका लागि कारागारमा रहे। हत्याका आरोपी रामबहादुर बीसीलाई एमाले निकट युथफोर्सका कार्यकर्ताले ०६५ असार १२ गते नेपालगञ्जबाट अपहरण गरी इलाका प्रहरी कार्यालय, कोहलपुर बुझाएको थियो। जिल्ला अदालत सुर्खेत उपस्थित गराइएका बीसी २० हजार धरौटीमा रिहा भए। पीडितका भाइ टीकाराम शमार्ले नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य पूणर्बहादुर खड्का, मोतीलाल विकसहित १४ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरेको भए पनि कोही पनि कारबाहीको दायरामा आएनन्। मैनतडा गाविस निवासी काङ्ग्रेसका सभापति बलबहादुर खड्काले भने शर्माको हत्या गरेको आरोपमा एमाले सुर्खेतका सचिव नवराज रावत र यामलाल कँडेलसहित २० जना कार्यकर्ताको नाममा किटानी जाहेरी दर्ता गराए।

**रुकुम**

विजयश्वरी गाविस-३ का नेकपा (एमाले) जिल्ला सचिव तथा आम निर्वाचन ०५६ को क्षेत्र नं. २ का उम्मेदवार ३९ वर्षीय यदु गौतमलाई ०५५ फागुन २१ गते गरायला गाविस-७ को बाटोमा नेकपा ( माओवादी) सम्बद्ध कार्यकताहरूले खुकुरी प्रहार गरी हत्या गरे। बाटोमा हिँड्दै गरेका यदु गौतमलाई सुरुमा खुकुरी हानियो। उनी त्यहाँबाट हाम्फालेर नदी किनारमा पुगे। त्यतिबेला उनको चप्पल चिप्लियो र उनी लडे, अन्य दुई जनाले घाइते यदुलाई भेरीको तीरमा भेटाए र घाँटी रेटेर पानीमा फालेका थिए।



*नेकपा (माओवादी) सम्बद्ध कार्यकताहरूले खुकुरी प्रहार गरी हत्या गरेका यदु गौतम*

घटनालगत्तै नारा लगाउँदै माओवादी कार्यकर्ता भागे। आरोपितउपर कुनै कारबाही भएन।

**रौतहट**

गम्हरिया पर्सा गाविस-७ का ३५ वर्षीय समिम मिया र ४५ वर्षीय समसुल मियाको ०५६ मङ्सिर २३ गतेको उपनिर्वाचनमा मतदान गर्न जाँदा प्रहरीले चलाएको गोली लागी ज्यान गयो। प्रहरी र नेकाँका कार्यकर्ताको मिलेमतोमा मतदान केन्द्र कब्जा गरिएपछि त्यसको प्रतिवाद गर्दा उनीहरूलाई हत्या गरिएको पीडित पक्षको आरोप थियो।

**दोलखा**

मेलुङ गाउँपालिका-१ का ३२ वर्षीय नहकुल भुजेलको २०७४ वैशाख ३१ गते सोही ठाउँस्थित सत्यश्वर माविको मतदान केन्द्रमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। मतदान भइरहेको समयमा बुथ कब्जामा लिई मतपत्र च्यातेको र प्रहरीमाथि नै कुटपिट गर्न खोज्दा प्रहार गरेको गोली पीडितलाई लागेको प्रहरीले जनायो। घटनामा सोही ठाउँका ४१ वर्षीय निर्मलकुमार कोइराला, ३२ वर्षीय रोशन भुजेल, १८ वर्षीय बुढाराज बस्नेत, ३४ वर्षीय प्रवीण बस्नेत, २३ वर्षीय गुणराज बस्नेत, २१ वर्षीय उद्धव बुढाथोकी, २८ वर्षीय भुवन थापा, ४५ वर्षीय चिरञ्जीवी ठकुरी, ३३ वर्षीय घलेन्द्रबहादुर बुढाथोकी, २१ वर्षीय प्रकाश खत्री र ३७ वर्षीय मनहरि बुढाथोकी प्रहरीको गोलीबाट घाइते भए। घाइतेलाई हेलिकप्टरबाट काठमाडौं लगिएकामा महाराजगन्जस्थित शिक्षण अस्पतालमा उपचार भयो।



*सत्यश्वर माविको मतदान केन्द्रमा प्रहरीले चलाएको गोली लागी मृत्यु भएका नहकुल भुजेल*